२०७८।१।८
६८ औं बैठक

आज मिति २०७८।०१।०८ गते बुधबारका दिन बैतेश्वर गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाँडुडाँमा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | गणेश राम पोखरेल | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं. (१) : यस गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको छलफल गरी किसिमका सूचकहरुको आधारमा प्राप्त आ.व. २०७६।०७७ को मूल्याङ्कन अंकको नतिजा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ② : यस बैतेश्वर गाउँ कार्यालयको कार्यालयमा फिल्ड सहायक पदमा कार्यरत कर्मचारी प्रविन खातिवडाले दिएको राजिनामा स्विकृत भई रिक्त रहेकोले सो पदमा यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी श्री रोशन कुमार गिरीलाई सो पदमा सेवा करार गर्ने गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ③ : ~~यस~~ बैतेश्वर गाउँपालिकामा कार्यरत श्री रुपेश चापागाईं बैतेश्वर अस्पतालमा ~~श्रम करारको लागि खटाउने निर्णय गरियो~~ । साथै आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन २०७५ को परिच्छेद ८ अनुसार ६ को ८ अनुसार कायम गरियो।

निर्णय नं. ④ : यस गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिएका रनेल वितरण गर्ने क्रममा सम्बन्धित किसानहरुको तर्फबाट योगदानमा आधारित रकम सञ्चित कोषमा जम्मा गर्ने र सो रकम पाने रनेल खरिद गर्न खर्च गर्ने गरी आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ⑤ : यस बैतेश्वर गाउँपालिकाको जलदेवी माध्यमिक विद्यालयमा कक्षा ११ सञ्चालन गर्ने अनुमति प्रदान गर्ने र उक्त कक्षा सञ्चालनको लागि भौतिक र शैक्षिक पुर्वाधार व्यवस्थापनको लागि निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ⑥ : यस बैतेश्वर गाउँपालिकाको वडा नं. ६ मा सञ्चालित लालीगुराँस कम्युनिटी हस्पिटल प्रचलित कानुन बमोजिम आवश्यक मापदण्ड पुरा गरी सञ्चालन गर्न (१५ शैया) अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ⑦ : बैतेश्वर गाउँपालिकाका प्रत्येक वडामा पानी पोखरी निर्माणका लागि प्रत्येक वडामा ४।४ (चार।चार) लाख बजेट प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ⑧ : प्रदेश सरकारबाट पोषण प्रवर्द्धन शीर्षकमा प्राप्त भएको बजेट रु. २१ लाख मध्येबाट रु. ४ लाख (चार लाख)को खानेपानी तथा करेसाबारी सिंचाईको लागि पाइप खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ⑨ : प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तरगतका विभिन्न वडामा सञ्चालित आयोजना/कार्यक्रमहरुको लागि बेरोजगार व्यक्तिहरु

स्वीकृत गरेर बाँकी काम सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं (१०): प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम अन्तरगत नाम्दु, आठोटार, पाँडु सडक (गा. पा. केन्द्र) स्तरोन्नती, कालोपत्रे गर्न प्रदेश सरकारलाई अनुरोध गरेर पठाउने निर्णय गरियो ।